प्रमाणित मितिः-२०८०/०२/०८

**प्रस्तावहरुः-**

**१. नीति तथा कार्यक्रम तयार गर्ने सम्बन्धमा ।**

**२. सहकारी संस्थाहरुको सफाई पत्र सम्बन्धमा ।**

**३. आर्थिक सहयोग सम्बन्धमा ।**

**४. वडा नं.६ स्थित सि.न.पा. र मायादेवी जोड्ने पूल जोडिने बाटो निर्माण सम्बन्धमा ।**

**५. सडक क्षेत्राधिकार भित्र पर्ने संरचना हटाउने सम्बन्धमा ।**

**६. अनुगमन समिति सम्बन्धमा ।**

**निर्णयहरुः-**

**निर्णय नं.१.** प्रस्ताव नं.१ को सन्दर्भमा छलफल गर्दा यस मायादेवी गाउँपालिकाको आ.व.०८०/०८१ को नीति तथा कार्यक्रम तयार गर्नको लागि तपसिल बमोजिमका समितिहरुलाई आ-आफ्नो समितिको बैठक बसी नीति तथा कार्यक्रमको विषयमा आवश्यक परामर्श पेस गर्न लगाउने निर्णय गरियो ।

**तपसिलः-**

क. स्रोत अनुमान तथा बजेट निर्माण समिति

ख. राजश्व परामर्श समिति

ग. योजना तथा कार्यक्रम तर्जुमा समिति

**निर्णय नं.२.** प्रस्ताव नं.२ को सन्दर्भमा छलफल गर्दा यस मायादेवी गाउँपालिकाको कार्यपालिकाको बैठक मितिः२०८०/०१/२६ गतेको निर्णय नं.६ अनुसार अघिल्लो कार्यपालिकाको बैठकको निर्णयअनुसार सहकारी संस्थाहरुलाई १५ दिनको समयावधि तोकी सहकारी ऐन अनुसार सफाई पेश गर्न मिति २०८०/०१/१५ गते पत्राचार गरेकोमा तोकिएको समयावधिभित्र सफाई पेश गरेका वा नगरेका सहकारी संस्थाहरुको हकमा तपसिल बमोजिमको निर्णय गरियो ।

**तपसिलः-**

क. तोकिएको समयावधिभत्र सफाई पेश गरेका सहकारी संस्थाहरुमध्ये सैद्धान्तिक रुपमा त्रुटि रहेका तपसिल बमोजिमका सहकारी संस्थालाई सफाई दिने र ३० दिनभित्र सम्पूर्ण अभिलेख कोपोमिसमा प्रविष्टि गरि गाउँपालिकामा Hard Copy समेत पठाउन पत्राचार गर्ने ।

**तपसिलः-**

१. जनता कृषि सहकारी संस्था
२. बरेईमाई कृषि सहकारी संस्था
३. जनकल्याण बहुउद्देश्यीय सहकारी संस्था
४. निर्वाह कृषि सहकारी संस्था
५. मायादेवी बहुउद्देश्यीय सहकारी संस्था

६. खुशीयाली कृषि सहकारी संस्था
७. अन्नपूर्ण बचत तथा ऋण सहकारी संस्था
८. शिवशक्ति महिला बचत तथा ऋण सहकारी संस्था

**ख.** तोकिएको समयावधिभित्र सफाई पेश गरेका सहकारी संस्थाहरुमध्ये लेखापालन अभिलेख सहित अन्य विवरणहरु दुरुस्त नभएका कारण तपसिल बमोजिमका सहकारी संस्थाहरुलाई सहकारी ऐन २०७४ को दफा ८१ को उपदफा (१) र (२) बमोजिम रु. ५,०००/- जरिवाना लगाई ३० दिनभित्र सम्पूर्ण अभिलेख कोपोमिसमा प्रविष्टि गरि गाउँपालिकामा Hard Copy समेत पठाउन पत्राचार गर्ने ।

**तपसिलः-**

१. तिलेश्वर कृषि सहकारी संस्था
२. अन्जली कृषि सहकारी संस्था
३. तिनाउ कृषि सहकारी संस्था
४. अन्जली कृषक सहकारी संस्था
५. शिवालय कृषि सहकारी संस्था
६. भानुभक्त कृषि सहकारी संस्था
७. बुद्ध दुग्ध उत्पादक सहकारी संस्था
८. लोकहित सहकारी संस्था
९. उज्जवल बचत तथा ऋण सहकारी संस्था
१०. जानकी कृषि सहकारी संस्था
११. स्तम्भ कृषि सहकारी संस्था
१२. बादल कृषि सहकारी संस्था
१३. सुख दुख बचत तथा ऋण सहकारी संस्था
१४. भरप्रदो कृषि सहकारी संस्था
१५. बेलामाई कृषि सहकारी संस्था
१६. सुनामी कृषि सहकारी संस्था

**ग.** तोकिएको समयावधिभित्र सफाई पेश नगरेका तपसिलका सहकारी संस्थाहरुलाई सहकारी ऐन २०७४ को दफा ८१ को उपदफा (२) बमोजिम रु. १०,०००/- जरिवाना लगाई ३० दिनभित्र सम्पूर्ण अभिलेख कोपोमिसमा प्रविष्टि गरि गाउँपालिकामा Hard Copy समेत पठाउन पत्राचार गर्ने ।

**तपसिलः-**

१. जय कृषि सहकारी संस्था
२. सगरमाथा बचत तथा ऋण सहकारी संस्था
३. पृथ्वी बहुउद्देश्यीय सहकारी संस्था
४. जय नेपाल कृषि सहकारी संस्था
५. उन्नति कृषि सहकारी संस्था

**प्रमाणित मिति:-२०८०/०२/०८**

६. जगदम्बा कृषि सहकारी संस्था

**घ.** निष्क्रिय रहेका तपसिलका सहकारी संस्थाहरुले एकपटक मौका दिनु हुन भनि तोकिएको समयावधिभित्र सफाई पेश गरेको हुँदा ३० दिनभित्र साधारण सभा गरि सम्पूर्ण अभिलेख कोपोमिसमा प्रविष्टि गरि गाउँपालिकामा Hard Copy समेत पठाउने गरि कबुलियतनामा पेश गर्न लगाउने।

**तपसिल:-**

१. लुम्बिनी ईटा व्यवसाय बचत तथा ऋण सहकारी संस्था
२. गौतमबुद्ध फलफुल तथा तरकारी कृषक सहकारी संस्था

**ङ.** निष्क्रिय रहेका तपसिलका सहकारी संस्थाहरुले तोकिएको समयावधिभित्र सफाई पेश नगरेको हुँदा ३५ दिने खारेजीको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरि नियमानुसार खारेजीको प्रक्रिया अगाडि बढाउने।

**तपसिल:-**

१. श्रीकृष्ण कृषि सहकारी संस्था
२. इशानेश्वर बचत तथा ऋण सहकारी संस्था
३. प्रकटेश्वर कृषि सहकारी संस्था
४. महाकाली कृषि सहकारी संस्था
५. साक्षरता कृषि सहकारी संस्था
६. नवदुर्गा कृषि सहकारी संस्था
७. लक्ष्मी कृषि सहकारी संस्था

**च.** निष्क्रिय रहेका तपसिलका सहकारी संस्थाहरुलाई सम्पर्कमा आउन ३५ दिने सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरि नियमानुसार खारेजीको प्रक्रिया अगाडि बढाउने।

**तपसिल:-**

१. निपुणता कृषि सहकारी संस्था
२. प्रबलता कृषि सहकारी संस्था
३. शितलादेवी कृषि सहकारी संस्था
४. सिमसिमे महिला दुग्ध उत्पादक सहकारी संस्था

**निर्णय नं.३.** प्रस्ताव नं.३ को सन्दर्भमा छलफल गर्दा यस मायादेवी गाउँपालिकामा आर्थिक सहायता माग गरी निवेदन पेश भएका तपसिल बमोजिमका व्यक्तीहरुलाई विपद व्यवस्थापन कोषबाट आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो।

**तपसिल:-**

**क.** खुस बहादुर पुन - मायादेवी गा.पा. वडा नं. ०६, बेथरी (६५ वटा बंगुर मरेको) रु. पच्चिस हजार
**ख.** नुमा ज्ञवाली - मायादेवी गा.पा. वडा नं.०८, बसडिलवा(क्यान्सर पिडित) रु. बिस हजार

प्रमाणित मितिः-२०८०/०२/०८

**ग.** राम सहायक कोहाँर – मायादेवी गा.पा. वडा नं.४, उत्तर वनकसिया(भैसींलाई गाडीले हानी मारेको) रु.बिस हजार

**घ.** श्रीराम यादव – मायादेवी गा.पा. वडा नं.५, बर्सौली (जनहित आ.भू.को प्र.अ. हृदयघाट भै मृत्यु भएको)रु. बिस हजार

**निर्णय नं.४.** प्रस्ताव नं.४ को सन्दर्भमा छलफल गर्दा यस मायादेवी गाउँपालिका वडा नं. ६, दुर्गौलियामा सि.न.पा. तर्फबाट पुल निर्माण भै-सकेको र मायादेवी तर्फ विवाद उत्पन्न भएको कारण पुल सकिए पछी बाटोको निकास नभएकोले अनुगमन गरी बाटो खुलाउन आवश्यक प्रकृया अगाडि बढाउने निर्णय गरियो।

**निर्णय नं.५.** प्रस्ताव नं.५ को सन्दर्भमा छलफल गर्दा अर्जुन विल्डर्स एण्ड कन्ट्रक्सन प्रा.लि.को मितिः२०८०/०१/२६ गतेको पत्रअनुसार गोनाहा देखी मंगलपुर जाने सडक निर्माणको क्रममा सडकको क्षेत्र भित्र केही संरचना रहेको र सोको कारंण सडक निर्माण कार्यमा अवरोध उत्पन्न भएकोले पालिकाबाट सो संरचना हटाउने पहल नगरेमा जस्तो छ त्यसैमा सडक ढलान हुने भनी लेखि आएकोले सो संरचना हटाउनको लागि आवश्यक सहजीकरण गरी निर्माण कार्यलाइ अगाडी बढाउने निर्णय गरियो।

**निर्णय नं.६.** प्रस्ताव नं.६ को सन्दर्भमा छलफल गर्दा यस मायादेवी गाउँपालिकाको अनुगमन समितिका संयोजक उपाध्यक्ष श्री नर्वदा देवी उपाध्याय विगत केही समय देखी बिरामी भै अस्पताल भर्ना भएकोले निज निको नहुँदा सम्म ~~अनुगमन~~ अध्यक्ष श्री ध्रुवनारायण चौधरी सहित समितिका अन्य सदस्यहरुबाट अनुगमन कार्य अगाडी बढाउने निर्णय गरियो।